# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

च.नं. ९२०

मिति २०७५।७।२५

श्री प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाण्डौ ।

**विषयः प्रमाण सुरक्षित राख्ने सम्बन्धमा (ताकेता) पत्र ।**

उपरोक्त सम्बन्धमा जिल्ला कन्चनपुर भिमदत्त न.पा. वडा नं. २, उल्टाखामकी १३ बर्षीय बालिका निर्मला पन्तको बलात्कार पछि हत्या गरिएको भनिएको घटनाका सम्बन्धमा तहाँ कार्यालयबाट घटनाको अनुसन्धानको क्रममा परिक्षणका लागि ल्याएका मृतकबाट संकलित Vaginal Swab र सो नमूनाहरुबाट पृथकरण डि.एन.ए. (Isolated DNA) सुरक्षित राख्न र सो घटनामा संकलित प्रमाणहरु जे जस्तो अवस्थामा सोही रुपमा राख्न तथा सोको जानकारी यस आयोगमा उपलब्ध गराइदिनुहुन तथा अनुसन्धानको क्रममा प्रहरीबाट संकलन गरिएका मृकत बालिका निर्मला पन्तको सम्पूर्ण तस्वीरहरु उपलब्ध गरादिनुहुन मानव अधिकार आयोग ऐन २०६८ को दफा २१ बमोजिम अनुरोध गरीन्छ भन्ने व्यहोराको मिति २०७५/६/२५ च.नं ८५६ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै होला ।

अतः सो सम्बन्धमा तहाँ कार्यालयबाट हालसम्म कुनै पनि जवाफ तथा तस्वीरहरु प्राप्त हनु नआएकोले ताकेता स्वरुप यो पत्र प्रेषीत गरिएको छ । प्रत्र प्राप्त भएको मितिले ३ दिन भित्र पत्रमा माग भए बमोजिमको विवरण उपलब्ध गराई दिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

**बोधार्थ**

श्री प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय
सिंहदरबार, काठमाण्डौ ।

श्री गृह मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।